# लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः८ मितिः२०८१/०५/१४

## भाग-२

## लेटाङ नगरपालिका

# नगर अस्पताल (सञ्चलन तथा व्यवस्थापन) कार्यविधि,२०८१

# नगर अस्पताल (सञ्चलन तथा व्यवस्थापन) कार्यविधि,२०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०५।०४**

**प्रमाणीकरण मितिः २०८१।०५।०४**

**प्रस्तावनाः**

लेटाङ नगरपालिका भित्र बसोबास गर्ने आम नागरिक स्वास्थ्य सेवाबाट बञ्चित हुने अवस्था आउन नदिन उपलव्ध स्रोत र साधनको समुचित उपयोग गर्दै नेपालको संविधान २०७२ ले स्थानीय तहलाई प्रत्यभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकार कार्यान्वयन गर्न, नगरपालिकाबाट उपलव्ध हुने आधारभूत स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरी बनाउन नगरपालिकाले स्थापना गरेको नगर अस्पताल व्यवस्थित रूपमा सञ्चलान तथा व्यवस्थापन गर्न कार्यविधि वाञ्छनीय भएकाले लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको आधिकार प्रयोग गरी “नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१” नगर कार्यपालिकाले स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "नगर अस्पताल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८१" रहेको छ।

(ख) यो कार्यविधि प्रमाणिकरण भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "अध्यक्ष" भन्नाले अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्दछ।

ख) "अस्पताल" भन्नाले लेटाङ नगरपालिकामा सञ्चालन हुने १० शैयाको आधारभूत अस्पताल सम्झनु पर्दछ।

ग) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये अस्पताल प्रमुखको काम गर्न तोकिएको मेडिकल अधिकृतलाई सम्झनु पर्दछ।

घ) "नगर प्रमुख" भन्नाले लेटाङ नगरपालिका नगर प्रमुखलाई सम्झनुपर्छ।

ङ) “ऐन” भन्नाले नेपाल स जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनुपर्दछ।

च) "कार्यपालिका" भन्नाले लेटाङ नगरपालिकाको नगरकार्यपालिका सम्झनुपर्छ।

छ) "कार्यविधि" भन्नाले नगर अस्पताल (सञ्चलन तथा व्यवस्थापन) कार्यविधि,२०८१ सम्झनुपर्छ।

ज) "चिकित्सक" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त जनशक्तिलाई सम्झनुपर्दछ।

झ) "नगरपालिका" भन्नाले लेटाङ नगरपालिका सम्झनु पर्दछ।

ञ) "नगर उपप्रमुख" भन्नाले लेटाङ नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

ट) "नर्सिङ कर्मचारी" भन्नाले नेपाल नर्सिङ परिषदमा कानुन बमोजिम दर्ता भई विरामीको उपचार तथा स्याहारमा संलग्न जनशक्तिलाई सम्झनु पर्दछ।

ठ) “नियमावली” भन्नाले नेपाल सरकारले जारी गरेको जनस्वास्थ्य सेवा नियमावली २०७७ लाई सम्झनुपर्नेछ।

ड) "पदाधिकारी" भन्नाले व्यवस्थापन समिति अध्यक्ष, सदस्य वा सोही प्रकारका अन्य पदाधिकारीलाई सम्झनुपर्दछ।

ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ण) "प्रशासनीक कर्मचारी" भन्नाले नगर अस्पतालको प्रशासनिक तथा लेखा सम्बन्धी जिम्मेवारी प्राप्त कर्मचारीलाई सम्झनुपर्दछ।

त) "स्वास्थ्य शाखा" भन्नाले नगरपालिकाको जनस्वास्थ्य शाखा सम्झनुपर्दछ।

थ) "समिति" भन्नाले दफा ८ बमोजिम अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

द) "स्वास्थ्यकर्मी" भन्नाले नेपाल स्वास्थ्य व्यवसायी परिषदमा कानुन बमोजिम दर्ता भई विरामीको स्वास्थ्य परीक्षण उपचार तथा निदानात्मक कार्यमा संलग्न जनशक्तिलाई सम्झनु पर्दछ।

ध) “सेवा” भन्नाले कानून वमोजिम सञ्चालित नेपाल स्वास्थ्य सेवा, प्रदेश तथा स्थानीय स्वास्थ्य सेवा समेतलाई सम्झनुपर्छ।

## परिच्छेद-२
## नगर अस्पतालको स्थापना र सेवको मापदण्ड

**३. नगर अस्पतालको स्थापनाः** (१) लेटाङ नगरपालिकामा उपचारात्मक, निदानात्मक, प्रतिकारात्मक, प्रवर्द्धनात्मक स्वस्थ्य सेवा प्रदान गर्ने बहिरङ र अन्तरङ सेवा सहित एक नगर अस्पताको स्थापना गरिनेछ।

(२) यस कार्यविधि बमोजिम स्थापन हुने नगर अस्पतालको नाम लेटाङ नगर अस्पताल रहनेछ।

(३) लेटाङ नगर अस्पतालको अनुसूची १ बमोजिमको आफ्नै छाप हुनेछ।

(४) लेटाङ नगर अस्पतालको आफ्नो छुट्टै अनुसूची २ बमोजिमको लेटर प्याड हुनेछ।

४. नगर अस्पतालको सञ्चालन जनस्वास्थ्य नियमावली २०७७ को नियम १२ को उपनियम २ बमोजिम नगर कार्यपालिकाले निर्णय गरेको मितिदेखि नगर अस्पतालन सञ्चालन गरिनेछ।

**५. अस्पतालक सेवा र संगठनः** (१) यस कार्यविधि बमोजिम स्थापना हुने नगर अस्पतालको दरवन्दी वा साङ्गठनिक संरचना कार्यपालिकाले स्वीकृत गरे अनुरूप अनुसूची ३ अनुसार हुनेछ।

(२) यस कार्यविधि बमोजिम सञ्चालित नगर अस्पतालबाट जनस्वास्थ्य नियमावली २०७५ को नियम ३ बमोजिम आधारभूत स्वास्थ्य सेवका साथसाथै नियम ९ को देहायका सेवाहरू प्रदान गरिनेछ।

क) नियमावलीको अनुसूची १ मा भएका आधारभूत स्वास्थ्य सेवाहरू

ख) नियमावलीको नियम ९ मा उल्लिखित देहायबमोजिमका चिकित्सकीय सेवाहरू (बहिरङ्ग र अन्तरङ्ग सेवा)

अ) सामान्य चिकित्सा

आ)सामान्य सल्यक्रिया

इ) स्त्री तथा प्रसुती

ई) बाल तथा सिशु सेवा

ग) देहाय बमोजिमको आकास्मिक सेवाहरू

अ) आकास्मिक सेवा

आ)आकास्मिक प्रयोगशाला

इ) निदात्मक सेवा

ई) रिफरल सेवा

घ) प्रयोगशाला सेवा

ङ) एक्सरे सेवा

च) फार्मेसी सेवा

छ) यस कार्यबिधि बमोजिम विस्तार गरिएका सेवाहरू

ज) संघीय तथा प्रदेश सरकारले समय समयमा आधारभूत अस्पतालले प्रदान गर्ने भनि तोकेका अन्य सेवाहरू

**६. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्डः** (१) यस कार्यविधि बमोजिम प्रदान गरिने स्वास्थ्य सेवाहरू स्वास्थ्य सेवा सञ्चालन मापदण्ड (पहिलो संशोधान) २०७८ ले तोके अनुसारको गुणस्तर सुनिश्चितता हुने गरी मापदण्डको पालना गरेको हुनुपर्नेछ।

**७. अस्पतालको सेवाको गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्थाः**

(१) अस्पतालले प्रदान गरेको सेवाको गुणस्तर तथा मापदण्ड अनुगमनको लागि देहायको व्यवस्था गरिनेछ।

क) अस्पतालले प्रदान गरेको सेवाहरू यस कार्याविधि तथा नियमावलीमा तोकिएको मापदण्ड बमोजिम गुणस्तरीय भएनभएको सम्बन्धमा प्रत्येक वर्ष व्यवस्थापन तथा स्व मूल्याङ्कन गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र नगर कार्यपालिकामा तोकिएको ढाँचामा पेश गर्नपर्नेछ।

ख) नगरपालिकाले अस्पतालको विशेष प्रकृतिको सेवा गुणस्तर अनुगमन गर्न विज्ञ सहितको टोली गठन गरी आवश्यक सुधार गर्न सक्नेछ।

लेटाङ नगरपालिका, मोरङ

## परिच्छेद-३

## व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था

**८. समितिको गठनः** (१) लेटाङ अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्न देहायको एक अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

क) नगर प्रमुख - अध्यक्ष,

ख) नगर उपप्रमुख - उपाध्यक्ष,

ग) अस्पताल रहेको वडाको वडाध्यक्ष – सदस्य

घ) सामाजिक विकास समिति संयोजक - सदस्य,

ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य,

च) स्वास्थ्य क्षेत्रमा योगदान गरेका स्थानीयहरु विज्ञहरू मध्ये नगरप्रमुखले तोकेको एकजना विज्ञ- सदस्य,

छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य,

ज) सेवाका कर्मचारीहरुमध्ये अस्पताल प्रमुखले तोकेको एक जना कर्मचारी - सदस्य,

झ) अस्पताल प्रमुखको रुपमा कार्यरत पदाधिकारी - सदस्य सचिव ।

समितिको बैठकमा आवश्यकता अनुसार अस्पताल/नगर अस्पतालका कर्मचारी, स्वास्थ्य क्षेत्रका विषय विज्ञ, सेवाग्राहीका प्रतिनिधि र निजी क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

**९. पदावधिः** (१) समितिमा मनोनित पदाधिकारीको पदावधि ३ वर्षको हुनेछ। पुनःमनोनित हुन सक्नेछन।

(२) पदावधि बाँकी रहँदै नगरपालिकाको नयाँ निर्वाचन भएमा बाँकी पदावधि स्वतः समाप्त हुनेछ।

**१०. समिति पदाधिकारीको पद रिक्त हुने अवस्थाः**

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा वा दफा ९ को उपदफा (२) बमोजिमको पदावधी समाप्त भएमा,

(ग) बिना सूचना लगातार तीन पटक समितिको वैठकमा अनुपस्थित भएमा,

(घ) फौजदारी अभियोग प्रमाणित भएमा,

(ङ) नगर अस्पतालको अहित हुने काम गरेको छानबीनबाट प्रमाणित भएमा,

(च) मानसिक अवस्था ठिक नभएको भनी चिकित्सकबाट प्रमाणित भएमा।

११. समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

क) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड, स्विकृत कार्यक्रम, निर्णय तथा निर्देशनहरु कार्यान्वयनको सुनिश्चितता गराउने,

ख) नगर अस्पतालबाट गरिने सेवा प्रवाहको सुधार तथा विद्यमान नीति अनुसार विस्तारका लागि स्थानीय नीति, आवधिक योजना तथा कार्यक्रम तर्जुमा र स्विकृत गरी कार्यान्वयन गर्ने, गराउने,

ग) नगर अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत जुटाउन पहल गर्ने, तथ्यमा आधारित भै वार्षिक कार्यक्रम तथा वजेट तयार गरी ज्येष्ठ मसान्त भित्रमा समितिबाट पास गर्ने,

घ) नगर अस्पतालबाट प्रवाह भएका सेवाहरूको समय समयमा अनुगमन र आवधिक समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने,

ङ) स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने,

च) स्वास्थ्य सेवाको गुणस्तर सुधार, पहुँच र उपलब्धता सुनिश्चित गराउन मानव स्रोत व्यवस्थापन सम्बन्धी आवश्यक कार्यहरु गर्ने, जनशक्तिको उपलब्धताको आधारमा कार्य सम्पादन गराउँने, क्षमता विकास र एवं वृत्ति विकास, सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकालाई सुझाव दिने गर्ने,

छ) नगर अस्पतालहरुलाई आवश्यक पर्ने औषधि तथा साधनहरुको मापदण्ड अनुसार व्यवस्थापन गर्न संस्था प्रमुख तथा शाखालाई सहजीकरण गर्ने,

ज) सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र तोकिएको कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने,

झ) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न कार्ययोजना बनाई कार्यहरू गर्ने,

ञ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपांगता भएका, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्यनजर राखी संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

ट) नगर क्षेत्रमा संघीय, प्रदेश तथा नगर निती वमोजिम तोकिएका जनस्वास्थ्य कार्यक्रमहरु तथा स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको कार्ययोजना बनाई कार्यहरू गर्ने,

ठ) नगर अस्पतालको भौतिक सम्पत्तिको अभिलेख राख्न, मर्मत संभार तथा संरक्षण एवम् प्रतिवेदन गर्ने,

ड) स्वास्थ्य सेवामा सुशासन, जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने,

ढ) विगतका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगर कार्यपालिकामा पठाउने,

ण) नगर अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

त) नगर अस्पतालबाट सेवा प्रवाहमा सामयिक रुपमा प्रविधिको प्रयोग गरी गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने,

थ) नगर अस्पतालको मासिक प्रगति प्रतिवेदन तयार गरी तोकिए वमोजिमका सफ्टवेयर तथा ठेगानामा तथ्याङ्क प्रविष्ट गर्न सहजीकरण गर्ने,

द) नगर अस्पतालहरुको यथोचित स्थानमा स्थानान्तरण गर्न सिफारिस गर्ने,

ध) उपलव्ध सेवा, जनस्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुमा सामाजिक वजारीकरण तथा प्रचार प्रसार आवश्यक सहयोग गर्ने,

न) नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने,

१२. समितिको बैठक र सञ्चालन विधिः (१) समितिको बैठक अस्पतालमा बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनु पर्नेछ।

(३) बैठक सामान्यत कम्तिमा दुई महिनाको एक पटक बस्नेछ। तर न्युनत्तम सेवा मापदण्डमा तोकिए बमोजिम बैठक बसाउन बाधा पर्ने छैन।

(४) बहुमत सदस्यको उपस्थितिलाई बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको निर्णय वहुमत वा सर्वसम्मतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिइ निर्णयमा पुग्नुपर्नेछ तर आमन्त्रितको मताधिकार हुने छैन।

(६) अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठक बस्नुपर्ने भएमा उपाध्याक्षको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ।

(६) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट प्रमाणित गरिनेछ।

(७) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गर्नेछ।

## परिच्छेद-४
## कोष तथा लेखा परीक्षण

**१३. अस्पतालको कोषः** (१) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि यस कार्यबिधि बमोजिम छुट्टै कोष रहनेछ।

(२) उप दफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन।

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम, स्वास्थ्य वीमा वोर्ड वा सोहि प्रकृतिको संस्थाबाट प्राप्त रकम,

ख) नगरपालिकाबाट विनियोजित रकम,

ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम,

घ) कुनै व्यक्ति, स्वदेशी, गुठी वा संस्थाबाट आधिकारिक रुपमा समिति वा नियमानुसार पूर्व स्वीकृति लिइ प्रदान गरेको रकम,

ङ) नगर अस्पतालले सेवा प्रदान गरे वापतको सेवा शुल्कको रकम,

च) वैदेशिक अनुदान, संघ संस्था, वा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम,

छ) अन्य आधिकारिक स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्विकृति लिनुपर्नेछ ।

(४) अस्पताललाई प्राप्त हुने सवै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोषमा जम्मा गर्नुपर्नेछ।

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने कार्यविधि बमोजिमको खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ।

(६) समितिले नगर अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकूल नहुने गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न आफ्नो भौतिक सम्पत्तिको सदुपयोग गर्नु पर्नेछ।

**१४. कोष तथा खाता सञ्चालन:**

(१) नगर अस्पतालको आय व्यय दुरुस्त राख्न, स्वीकृत विधिबाट कोष व्यवस्थापन तथा खाता सञ्चालन अस्पताल प्रमुख (मेडिकल सुपरिटेण्डेण्ट) र लेखापाल/ सह-लेखापाल समेत गरी २ जना संयुक्त दस्तखतबाट गरिनेछ।

(२) अस्पताल प्रमुख स्थायी सेवाको नभएमा तोकिएको वरिष्ठत्तम कर्मचारीबाट सञ्चालन गरिनेछ।

(३) अस्पतालको लागि आर्थिक प्रशासन हेर्ने गरी एक जना लेखा समूहको कर्मचारी व्यवस्थापन गर्नु पर्नेछ, त्यस्तो कर्मचारी व्यवस्थापन नभए सम्मको लागि नगर कार्यपलिकाको कार्यालयले खाता सञ्चालन तथा आर्थिक कारोवार हेर्ने गरी नगरपालिकाको लेखापाल/ सह-लेखापाललाई थप जिम्मेवारी दिन सक्नेछ।

(३) बजेट खर्च गर्दा व्यवस्थापन समितिको निर्णयानुसार गर्नुपर्नेछ।

(३) आय व्ययको लेखापालन महालेखा परिक्षकको कार्यालयबाट तोकिएको नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ।

(४) खाता प्रचलित कानुन वमोजिम सञ्चालन हुनेछ।

(५) यस कार्यविधि बमोजिम हुने आर्थिक कारोबारको उत्तरदायित्व र जवाफदेहिता व्यवस्थापन समिति र अख्तियारी प्राप्त कर्मचारी हुनेछ।

(६) नगर अस्पतालको आम्दनी र खर्च सम्बन्धी प्रकृया तथा सो को अभिलेख, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, लेखापरीक्षण, बेरुजु अभिलेख, बेरुजु फछ्यौंट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ।

(७) निर्माण, मालसामान खरिद, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित कानुन बमोजिम हुनेछ।

**१५. लेखापरीक्षणः**

(१) नगर अस्पतालको आन्तरिक नियन्त्रण प्रणाली प्रचलित कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी व्यवस्थापन समितीले निर्धारण गरी लागु गर्नु पर्नेछ।

(२) आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखा तथा अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**१६. बैठक भत्ताः** समितिका सदस्यहरुको बैठक भत्ता नगरपालिकाको स्वीकृत दर बमोजिम हुनेछ।

**१७. सेवा शुल्क सम्बन्धी व्यवस्थाः** ऐन, नियमावली प्रचलित कानुनमा निःशुल्क भनिएको बाहेक नगर अस्पतालबाट प्रदान गरिने सेवा लगायत आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

## परिच्छेद-५
## जनशक्ति, औषधी तथा उपकरणको व्यवस्थापन

**१८. कर्मचारी व्यवस्थापनः**

(१) नगर अस्पतालको स्विकृत दरवन्दी अनुसूची २ मा भए बमोजिम हुनेछ, नगर कार्यपालिकाको कार्यालयले औचित्यताको आधारमा हेरफेर गरी कुल दरवन्दीमा घटबढ नहुने गरी कर्मचारी खटाउन सक्नेछ। नगर अस्पतालमा निम्न प्रकृतिका कर्मचारी हुनेछन्।

(क) स्थायी- नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवा आयोगवाट पदपुर्ति हुने /भएका स्थायी जनशक्ति,

(ख) करार: करार सेवामा भर्ना गरिएका जनशक्ति,

(ग) छात्रवृत्ति करार- छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा नगरपालिकाको सहयोग प्राप्त गरी छात्रवृतिमा अध्ययन गरेका विद्यार्थी,

(घ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वैच्छिक सेवा उपलब्ध गराउँने विज्ञहरु,

(ङ) स्यवंसेवकका रुपमा सेवा प्रवाह गर्न इच्छुक वा अद्यावधिक सूची अनुसार समिती निर्णय गरी खटाइएका स्वयंसेवक स्वास्थ्यकर्मीहरु,

(२) समितिले उपदफा (१) बमोजिमको कर्मचारीबाट गुणस्तरीय सेवा प्रवाह गराउन कठिनाई भएको ठहर गरी समितिको सिफारिस भएमा नगरपालिकाले अस्थायी दरवन्दी सृजना गरी करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ। त्यस्तो दरवन्दिमा सृजना गर्नुपूर्व आन्तरिक श्रोतको सुनिश्चितता हुनुपर्नेछ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा प्रचलित कानून, कार्यविधि बमोजिम खुला प्रतियोगिताबाट गर्नु पर्नेछ।

(४) नगर अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको आधार सेवा शर्त र सुविधा नेपाल सरकारले तोकेको न्यूनत्तम पारिश्रमिक भन्दा कम नहुने साथै समानता कायम हुने गरी समिति र कार्यपालिकाले सुनिश्चित गर्नुपर्नेछ।

(५) प्रचलित कानून बमोजिम प्रोत्साहन सुविधाको व्यवस्था गर्न सक्नेछ।

(६) नियमित वाहेक थप कार्य गरेमा कार्यबोझ, जोखिम तथा कार्य घण्टा विश्लेषण गरी सेवा प्रवाहमा खटिने स्वास्थ्यकर्मीलाई समितिको सिफारिसमा कार्यपालिकाले समय तोकेर थप सुविधा उपलब्ध गराउन सक्नेछ।

(७) नगर अस्पताललाई आवश्यक पर्ने जनशक्ति करारमा भर्ना र छनौट गर्नुपर्ने भएमा अस्पतालको माग निवेदन बमोजिम स्विकृत भएको अस्थाई संगठन संरचना भित्र रहेको दरबन्दी पदपूर्ति लेटाङ नगरपालिकाको पदपूर्ति समितिबाट सिफारिस भएबमोजिम हुनेछ।

(८) समितिले जनशक्तिको क्षमता अभिवृद्धि गर्नुपर्नेछ।

(९) नगर अस्पतालहरुमा सेवा विस्तार तथा स्वीकृत विशेषज्ञ सेवा प्रदान गर्नुपर्दा समितिले सेवा प्रदान गर्ने संस्थासँग सम्झौता गरी व्यवस्थापन गर्न सक्नेछ। यसरी व्यवस्थापन गर्ने सेवाको लागि कार्यपालिकाको पूर्व स्वीकृति लिई खुला प्रकृयाबाट गर्नुपर्नेछ।

(१०) नगर अस्पतालहरुमा खटाइएको जनशक्तिको जिम्मेवारी हेरफेर संस्था प्रमुखले गर्नेछ।

तर जनस्वास्थ्य सेवाका विशेष कार्यक्रम,महामारी तथा विपद व्यवस्थापन गर्न अस्पतालसँगको समन्वयमा कार्यपालिकाले कामकाजमा खटाउन गर्न सक्नेछ।

१९. **अभ्यासकर्ता सम्वन्धी व्यवस्थाः** (१) नगर अस्पतालहरुले अभ्यासकर्ताको रुपमा विभीन्न शैक्षिक संस्थाहरुबाट खटिने विद्यार्थिहरु साथै न्यूनत्तम शैक्षिक योग्यता पुगि सम्वन्धित परिषदमा दर्ता भएका स्वयंसेवा गर्न इच्छुकहरुलाई स्वीकृत मापदण्ड बमोजिमको काममा लगाउन सहजीकरण गर्नुपर्नेछ।

**२०. औषधि खरीद, भण्डारण तथा वितरणः**

(१) निःशुल्क वितरण गर्नुपर्ने औषधि नगरपालिकाको स्विकृत पद्धति बमोजिम प्राप्त गरी व्यवस्थापन गर्नुपर्नेछ, तर अन्य सेवा सुविधा थैली भित्रका औषधिहरु तत् तत् सेवाको नीति तथा शर्त बमोजिम हुनेछ।

(२) नगर अस्पतालहरुले निःशुल्क उपलब्ध गराउने औषधी नियमित रुपमा उपलब्धताको लागि माग, खपत तथा आपुर्तिमा नियमितता ल्याउँन जनस्वास्थ्य शाखासँग समन्वय गर्नु पर्नेछ।

(५) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नुपर्नेछ।

(६) औषधी आपुर्ति, भण्डारण, वितरण, गुणस्तर संरक्षणलाई पारदर्शी वनाउन नगर अस्पताल प्रमुखले एक जना जिन्सी व्यवस्थापन गर्ने गरी कर्मचारी तोक्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी स्रेस्ता मिलाउने र दैनिक औषधीको खपतलाई मौज्दातको दैनिक अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नुपर्नेछ ।

(८) जिन्सी व्यवस्थापन गर्ने गरी तोकिएको कर्मचारीले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(९) प्रेस्कृप्सन अनुसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले प्रचलित औषधि ऐन, नियमावली तथा औषधि संहिताले निर्दिष्ट गरे वमोजिमको जानकारी दिनुपर्नेछ ।

(१०) औषधी वितरण गर्दा औषधी विक्री वितरण सम्बन्धी सहिंता र औषधी सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

(११) व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनुपर्नेछ।

**२१. फार्मेसी सञ्चालन गर्नेः**

(१) नगर अस्पतालहरुको फार्मेसीमा निःशुल्क रुपमा वितरणका लागि साथै स्विकृत नीति बमोजिम सहुलियत दरमा औषधि विक्री वितरण गर्न छुट्टै फार्मेसी सञ्चालन गर्नुपर्नेछ।

(२) फार्मेसी मार्फत विक्री वितरण गर्ने औषधिको व्यवस्थापन जनस्वास्थ्य शाखाको समन्वयमा सम्बन्धित नगर अस्पतालले गर्नेछ।

(३) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून, फार्मेसी सेवा सञ्चालन निर्देशिका र नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**२२. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः**

(१) नगर अस्पतालहरुले आकस्मिक सेवा प्रवाहको व्यवस्था गर्नुपर्नेछ, अस्पतालले २४ सै घन्टा आकस्मिक सेवा प्रदान गर्ने व्यवस्था मिलाउँनु पर्नेछ ।

(२) नगर अस्पतालमा सम्भव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त नगर अस्पतालमा प्रेषण गर्नुपर्नेछ ।

(३) नगर अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्नेगरी आकस्मिक उपचार कक्षमा सवैले देख्ने ठाउँमा राख्नुपर्नेछ।

(४) नगर अस्पतालले प्रदान गरेको सेवा मध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशूल्क उपलब्ध गराउनुपर्नेछ र आधारभुत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य वीमाको हकमा सोहीबाट र वीमा नभएको वा वीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ।

(५) नगर अस्पतालले कसैलाई पनि आकस्मिक उपचार सेवावाट वञ्चित नगरिने व्यवस्था मिलाउँनु पर्नेछ। अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई

नगरपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शिर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलव्ध गराउनु पर्नेछ ।

**२३. सेवा व्यवस्थापनः**

(१) नगर अस्पतालहरुमा प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, सल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन गर्दै लगिनेछ।

(२) नगर अस्पतालहरुमा विरामीको चापका आधारमा बिरामी दर्ता, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउँनेछ।

(३) नगर अस्पतालहरुले सेवा समय तालिका (दिन र बार र समय) खुल्ने गरीको वडापत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ। ती सेवाहरु सम्बन्धित सेवा प्रदायक बाटै प्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(४) नगर अस्पतालमा प्रचलित मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था गर्नुपर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

(५) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।

(६) नगर अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा तोकिएको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ ।

(७) नगर अस्पतालहरुमा आधारभूत सरसफाई तथा खानेपानीको उपलब्धता सुनिश्चित गर्नु नगर कार्यपालिकाको कर्तव्य साथै दायित्व हुनेछ।

(८) नगर अस्पतालबाट निष्कासन हुने सामान्य तथा नगर अस्पतालजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमानै अलग अलग छुटयाउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(९) नगर अस्पताल प्रमुखले परिसर तथा सेवा दिने कक्षहरूको सरसफाई सुनिश्चित गर्नुपर्नेछ ।

(१०) नगर अस्पतालहरुमा न्युनत्तम सेवा मापदण्ड वमोजिमका सेवा तथा व्यवस्थापन सुधार गर्दै लानु पर्नेछ।

(११) तोकिएका नगर अस्पतालहरुमा आपतकालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारणमा कम्तीमा एकमहिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ ।

(१२) नगर अस्पतालहरुमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा सञ्चालन गर्न समितिले जनस्वास्थ्य शाखासँग समन्वय गरी नगर कार्यपालिकाबाट निर्णय गरी छुट्टै कार्य सञ्चालन निर्देशिका, पद्धति बनाई लागू गर्नेछ।

(१३) नगर अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, वालवबालिका र अपाङ्गतामैत्री हुनुपर्नेछ, सो का लागि अत्यावश्यक ह्वीलचेयर, ट्रली, स्टेचर सवै नगर

अस्पतालहरुमा व्यवस्थापन गर्नु पर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(१४) स्वास्थ्य सेवा सञ्चालन र पुर्वाधार सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

## परिच्छेद-६
## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

**२४. व्यवस्थापन सूचना प्रणालीः**

(१) नगर अस्पतालबाट प्रदान गरिने सम्पुर्ण सेवाहरुको अभिलेख स्विकृत प्रकृया बमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

(२) नगर अस्पतालले स्वास्थ्य सेवा सम्वन्धी सूचना वडा कार्यालय, नगरपालिका, प्रदेश तथा संघीय सम्वन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ।

(३) नगर अस्पतालवाट प्रदान गरिएका सेवाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(४) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवा का टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नुपर्नेछ।

(५) नगर अस्पतालमा आउने सेवाग्राहीलाई आवश्यक पर्ने जानकारी गराउँन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी आवश्यक जानकारी दिने व्यवस्था गर्नुपर्नेछ।

(६) नगर अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको ब्यबस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्दै लानुपर्नेछ।

(७) नगर अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समय समयमा नगर अस्पतालले जनचेतनामूलक अभियनान सञ्चालन गरी जनसमुदायलाई जानकारी गराउनु पर्नेछ।

(९) नगर अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिमका सूचना प्रणालीहरुमा तोकिएको समय भित्र नै पूर्ण एवम् नियमित रुपमा प्रविष्ट गर्नुपर्नेछ।

(१०) नगर अस्पताल वा स्वास्थ्यकर्मीले सेवा प्रवाह, महामारी व्यवस्थापन तथा अनुसन्धानको कर्ममा संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु नगर अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

(११) तथ्याङ्क व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था प्रचलित तथ्याङ्क सम्बन्धि ऐन तथा नियमावली बमोजिम हुनेछ।

**२५. गुनासो व्यवस्थापनः** (१) नगर अस्पतालले सबैले देख्ने ठाँउमा सुझाव तथा उजुरी पेटीका राख्ने र न्युनत्तम प्रत्येक महिनामा एक पटक नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) नगर अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना प्रवाह, गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्न सक्नेछ।

२६. **प्रेषण सम्बन्धी व्यवस्थाः** (१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा नगर अस्पतालले संस्थामा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त उपचार प्रदान गर्नसक्ने नगर अस्पतालमा प्रेषण गर्नु पर्नेछ। तर, नगर अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुनसक्ने अवस्था हुँदा हुँदै प्रेषण गर्न पाइने छैन।

(२) नगर अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सो को अद्यावधिक सूची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने नगर अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ।

(४) विरामीलाई अन्य नगर अस्पतालमा प्रेषण गर्दा नगर अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरीराख्नु पर्नेछ।

(५) प्रेषण गर्दा नगर अस्पतालले प्रेषण मापदन्ड बमोजिमका न्युनतम उपकरण र सेवा उपलब्ध गराउनु पर्नेछ।

(६) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी नगर अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ।

(७) नगर अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सो को विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई तोकिए बमोजिमको डिस्चार्ज सारंश दिनुपर्नेछ ।

## परिच्छेद-७
## विविध

२७. **नगर अस्पतालको संगठन संरचनाः** (१) नगर अस्पतालहरुको संगठन संरचना तथा दरवन्दी निर्धारण सम्बन्धि कार्य प्राप्त संघीय तथा प्रादेशिक मार्गदर्शन बमोजिम हुने गरी यो कार्यविधि लागु भएको तीन महिना भित्रमा नगरकार्यपालिकाको कार्यालयले निर्धारण गरी स्विकृत गर्नु पर्नेछ।

२८. **साझेदारी गर्न सक्नेः** (१) नगर अस्पतालले सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन नगर अस्पतालको सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहान सेवा लगायतका व्यवस्थापन गर्न नगरपालिका सँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम समुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासंग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ।

२९. **वार्षिक प्रतिवेदन पेश गर्नेः** (१) समितिले बर्षभरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

३०. **निर्देशन पालना गर्नुपर्नेः** (१) कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**३१. नगरपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुनेः** (१) नगरपालिकाको स्वीकृति विना समितिले थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुँदैन।

**३२. अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य सचिव वा नगर अस्पतालका पदाधिकारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३३. कार्यविधिको पालना गर्नुपर्नेः** (१) यस कार्यविधिको पालना गर्नु नगरपालिका मताहतका सरकारी नगर अस्पताल, सेवा प्रदायक तथा सेवाग्राहीहरुको दायित्व हुनेछ।

**३४. व्याख्या गर्ने अधिकार तथा बाधा अड्काउ फुकाउने**: (१) यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानबारे द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा परेमा नगर कार्यपालिकाले सो को व्याख्या गर्नेछ।

**३५. प्रचलित कानून बमोजिम हुने**: (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र उल्लेख नभएमा विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

**३६. संसोधन गर्नुपरेमाः** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संसोधन गर्नु परेमा कार्यपालिकाबाट संसोधन हुनेछ।

**आज्ञाले,**
**नारायण न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०८१।०५।०४**

लेटाङ नगरपालिका, मोरङ